फोन नं. : ०७५-५२१७८०
ई मेल : pmamp.piu.palpa@gmail.com
वेब साईट : vzonepalpa.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन इकाई

(छाप: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, तानसेन, पाल्पा)

प.सं. : ०७७/७८
च.नं. : ६२

मिति : २०७७/०७/२८

बिषयः- कार्यक्रम मागको प्रस्तावना आव्हान सम्बन्धमा।

श्री तानसेन नगरपालिका/रामपुर नगरपालिका/तिनाउँ गाउँपालिका/बगनासकाली गाउँपालिका/रिब्दीकोट गाउँपालिका/रैनादेवी छहरा गाउँपालिका/रम्भा गाउँपालिका/पूर्वखोला गाउँपालिका/निस्दी गाउँपालिका माथागढी गाउँपालिका
पाल्पा।

प्रस्तुत विषयमा यस इकाईको वार्षिक स्विकृत कार्यक्रम अनुसार मिति २०७७/०७/२८ गते दोस्रो पटक प्रकाशित कार्यक्रम माग प्रस्तावना आव्हान सम्बन्धी सूचना थान १(एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।उक्त सूचना तहाँ कार्यालय तथा सम्बन्धित वडाहरुमा टाँस गरी सूचना प्रशारणमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

.......................
दिपक भट्टराई
बरिष्ठ कृषि अधिकृत
बरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, पाल्पा

# कार्यक्रम मागको प्रस्तावना आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/१२
दोश्रो पटक सूचना प्रकाशित मिति : २०७७/०७/२८
सूचना नं.: ०५/२०७७/७८

आ.व. २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, पाल्पा अन्तर्गत यस परियोजनाको कार्यक्षेत्र जिल्लाको तानसेन नगरपालिका वडा नं. १,५,६,७,८,९,१०,११,१२,१३,१४, बगनासकाली गाउँपालिका वडा नं. १,२,७,८ र ९ र तिनाउ गाउँपालिका २,३,४,५ र ६ भित्रका यस कार्यालयमा सुचिकृत इच्छुक कृषक समुह/सहकारी/जल तथा वन उपभोक्ता समिति र कृषि फर्म/कम्पनीहरुले तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र (अर्थात मिति २०७७/०८/१२ गते कार्यालय समय भित्र) यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाई, पाल्पामा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | स्वीकृत बजेट रु. लाखमा | कार्यालयबाट साझेदारी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | तरकारी क्षेत्र विस्तार | ८० हे. | २४ | ५० % अनुदान (प्रति हेक्टर अधिकतम ३० हजार) | कार्यक्रममा सहभागिताको लागि कृषक समूह/सहकारी/जल तथा वन उपभोक्ता समितिले न्यूनतम २० रोपनी (क्षेत्र विस्तारमा सहभागी हुने सदस्यले कम्तिमा २ रोपनी थप क्षेत्र विस्तार गर्नुपर्ने) र निजि फर्मको हकमा न्यूनतम ३ रोपनीमा क्षेत्र विस्तार गर्नुपर्ने। |
| २. | गत वर्ष विस्तार भएका र नयाँ विस्तार हुने क्षेत्रमा सिचाई पूर्वाधार निर्माण | ३० वटा | ४५ | बढीमा ८५% अनुदान | HDP पाईप, मोटर, कुलो निर्माण/मर्मत,प्लाष्टिक पोखरी/सिमेन्ट पोखरी आदि। |
| ३. | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | १ वटा | २० | बढीमा ८५% अनुदान | |
| ४. | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ वटा | १२ | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम | |
| ५. | जोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | १ पटक | २५ | बढीमा ५०% अनुदान | मिनीटिलर, बेर्ना लगाउने मेसिन, खाडल खन्ने मेसिन, ड्याङ बनाउने मेसिन, पावर स्प्रेयर(इन्जिन), झार गोड्ने मेसिन आदि। |
| ६. | अस्थायी प्लाष्टिक घर निर्माण | १२० वटा | ३६ | बढीमा ५०% अनुदान | |
| ७ | स्थानीय तहको लागत सहभागितामा बीउ श्रोत केन्द्र स्थापना | १ वटा | ३० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम | कुल लागतको कम्तिमा १५ % लाभग्राहीको लागत सहभागिता रहनुपर्ने र स्थानीय तहको समेत लागत सहभागिता हुनुपर्ने। |

वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जिल्ला भित्रका सबै स्थानिय तहमा रहेका कृषक समुहसहकारी/उद्यमी/जल तथा बन उपभोक्ता ले आवेदन दिन सकिने |
| ८ | चकलाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजि क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयन सहयोग | ६ वटा | ६० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम | परियोजना कार्यान्वयन म्यानुअल २०७७ मा व्यवस्था भए बमोजिम एकल बाली खेती (Crop Pooling) वा चकलाबन्दी खेती (Land Pooling) गर्न सकिने । जिल्ला भित्रका सबै स्थानिय तहमा रहेका कृषकसमुह/सहकारी/उद्यमी/जल तथा बन उपभोक्ता ले आवेदन दिन सकिने |

(छाप: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, पाल्पा)

(हस्ताक्षर)
वरिष्ठ कृषि अधिकृत
दिपक भट्टराई

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को टिकट टाँस गरेको निर्धारित ढाँचाको निवेदन ।
२. आवेदको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. आवेदकको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरीकताको प्रतिलिपि ।
४. आवेदकको र स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. सम्वन्धित नगरपालिका/गाउँपालिका/वडा कार्यालयको सिफारिस पत्र ।
६. तोकिएको ढाँचामा विवरण भरिएको प्रस्तावना फारम ।
७. बीउ श्रोत केन्द्र स्थापना र चक्लाबन्दी कार्यक्रमको हकमा जोनको उद्देश्यलाई सहयोग गर्न सक्ने सुनिश्चताको प्रतिवद्धताको कागजात सहित जोनको कार्यक्षेत्र बाहिरका स्थानिय तह (पाल्पा जिल्ला भित्र) बाट समेत प्रस्ताव पेश गर्न सकिने छ ।

नोटः अन्य आवश्यक कागजातको हकमा प्रस्तावना आवेदन फारममा उल्लेख भए बमोजिम संलग्न गर्नु पर्नेछ । प्रस्तावना फारम यस इकाईको Website: vzonepalpa.pmamp.gov.np मा समेत उपलब्ध हुनेछ । साथै प्रस्ताव फारम तथा कागजातहरु फाईलिङ गरी पेश गर्नु पर्नेछ ।

**थप जानकारीको लागि**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, पाल्पा सम्पर्क नं. ०७५-५२११८०, ९८५७०६८१८१, ९८५७०६८२०४, मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Scanned with CamScanner